लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना पछिको आठौं जिल्ला परिषद पर्वतको कार्यक्रमका सभाध्यक्षबाट

आ.व. ०७३/७४ का लागि प्रस्तुत

*बजेट नीति तथा कार्यक्रम*

श्रद्धेय प्रमुख अतिथि माननीय उपप्रधान एबं सहकारी तथा गरिवी निवारण मन्त्री श्री चित्रबहादुर के.सी.ज्यू
विशिष्ट अतिथि माननीय व्यवस्थापिका संसदका सदस्यज्यूहरु,
माननीय जिल्ला न्यायाधीशज्यू,
राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
प्रमुख जिल्ला अधिकारीज्यू विभिन्न कार्यालयका प्रमुखहरु,
जिल्ला विकास सञ्चालनमा राजनैतिक दलवाट प्रतिनिधित्व गर्ने प्रतिनिधिज्यूहरु
दात्री निकायका प्रमुख तथा प्रतिनिधिहरु,
नगरपालिकाका कार्यकारी अधिकृत, गाविस सचिवहरु, सामाजिक परिचालकहरु,
उद्योग वाणिज्यसंघका अध्यक्ष, गैर-सरकारी संस्थाका प्रमुखहरु, पत्रकारहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु,
एवं उपस्थित सम्पूर्ण दिदी बहिनी तथा दाज्यू भाइहरु,

श्रद्धेय प्रमुख अतिथि माननीय उपप्रधान एवम् सहकारी तथा गरिवी निवारण मन्त्रीज्यू, विशेष अतिथि व्यवस्थापीका संसदका माननीय सदस्यज्यूहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा जिल्ला विकास समिति पर्वतको तर्फबाट हार्दिक स्वागत गर्दछु । सर्वप्रथम म यस गरिमामय अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मको अबधिमा आफ्नो जीवनको वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । आदरणीय यहाँ उपस्थित् सम्पूर्ण महानुभावज्यूहरु, हामी झण्डै एक दशक लामो राजनैतिक अभियानको परिणाम स्वरुप देशमा लोकतान्त्रिक गणतन्त्र सहितको नेपालको संविधान २०७२ नेपाली जनताबाट अनुमोदित भई कार्यान्वयनमा आइरहेको वर्तमाान सन्दर्भमा खुशियाली व्यक्त गर्दै गर्दा नेपालमा झण्डै ८ दशकपछि गत बैशाख १२ र २९ गते गएको भयावह भूकम्पको कारण धनजन गुमाउनुभएका परिवारमा परेको पिडालाई म यहाँ स्मरण गर्न चाहान्छु ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात यस जिल्लाको आठौं जिल्ला परिषद् ***"पर्वत जिल्लाको परिकल्पना स्वशासित् स्वाबलम्वी र समुन्नत समाजको स्थापना"*** भन्ने मूल नाराका साथ यस जिल्लाको समग्र विकासको लागि आ.व.२०७३/०७४ को वार्षिक नीति, कार्यक्रम र बजेट सार्वजनिक गर्न पाउँदा खुशीको अनुभूति गरेको छु । यस अवसरमा जिविसलाई साथ र सहयोग गर्नुहुने पर्वत जिल्लावासी सम्पूर्ण आदरणीय दिदी-बहिनी तथा दाज्यु-भाइहरु, व्यवस्थापिका संसदका माननीय सदस्यज्यूहरु, जिल्लामा क्रियाशिल राजनैतिक दलहरु तथा विकास अभियन्ताका रुपमा रहेका कार्यालय, संघ, संस्था लगायत सम्पूर्ण निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**उपस्थित आदरणीय महानुभावहरु,**

पर्वत जिल्लामा विद्यमान् भौगोलिक एवं साँस्कृतिक विविधता, इतिहास, कला, सँस्कृति, प्राकृतिक स्रोत साधनको प्रचुरता जस्ता विशिष्ठताहरुको सुव्यवस्थित उपयोगद्धारा समग्र पर्वतवासीहरुको जीवनमा सकरात्मक परिवर्तन ल्याउन यो जिल्ला परिषदबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान गर्नेछ भन्ने कुरामा मैले पूर्ण विश्वास लिएको छु ।

भौगोलिक रुपमा अधिकांश भूभागहरु दुर्गम तथा पिछडिएको क्षेत्र रहेको यस जिल्लामा भौगोलिक पूर्वाधार, कृषि तथा पर्यटन क्षेत्र आदिको विकास अपेक्षित रुपमा हुन सकेको छैन । विशेष गरी जिल्लाको दक्षिणी तथा उत्तरी भेगमा विद्यमान् गरिवी न्यूनीकरण गर्ने, वेरोजगारी घटाउने, स्वास्थ्य सेवा विस्तार एवम् पूर्ण खोपको सुनिश्चिता गर्नु जस्ता अभियानमा हाम्रो श्रोत साधनहरुको परिचालन हुँदै आएको भएता पनि अपेक्षित उपलब्धि हासिल गर्न थप समन्वयात्मक प्रयाश गर्नु जरुरी रहेको छ । जिल्लाका आन्तरिक आयका विभिन्न स्रोतहरुको पहिचान, उपयोग, तथा समूचित व्यवस्थापन हुन नसक्नु, उत्पादनशील श्रोत साधनमा समान पहुँच पुग्न नसक्दा महिला, बालबालिका, दलित, आदिवासी, जनजाती, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रको आर्थिक सामाजिक स्थितिमा अपेक्षाकृत सुधार आउन नसकेको कारण समावेशी विकासको अवधारणालाई उपलब्धिमूलक बनाउन नीतिमा होइन व्यवहारमा देखिने गरी परिवर्तन हुन आवस्यक छ ।

स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि विहिन अहिलेको अवस्थामा उल्लिखित समस्या तथा चुनौतीहरुको सामना गर्न जिल्लामा बलियो राजनैतिक समझदारी र सहमती, विकासप्रति जनताको उत्साह, चासो तथा राष्ट्रसेवक कर्मचारीहरुको नियमित प्रयास, नागरिक समाज, नीजि क्षेत्र, गैर-सरकारी संघ, संस्थाहरु, तथा दातृ-निकायहरुबाट विकास प्रक्रियामा भएको सहभागिता र साझेदारीले हाम्रो उत्साह तथा साहसलाई थप उच्च बनाएको छ । प्राकृतिस्रोत साधनको उपलब्धता, साँस्कृतिक विविधता, पर्यटकीय संभावना, कृषि तथा पशुपालन ब्यवसाय, लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको बाहुल्यता यस जिल्लाको विकासका संभावनाका रुपमा रहेका छन् ।

**उपस्थित आदरणीय महानुभवहरु,**

जिल्लाको समग्र सवल तथा कमजोर पक्ष, अवसर तथा चुनौतीको यथार्थ विश्लेषण गरी **"पर्वत जिल्लाको परिकल्पना स्वशासित, स्वावलम्बी र समुन्नत समाजको स्थापना"** भन्ने नारालाई परिकल्पनाको रुपमा लिई चालु आ.व.२०७२/०७३ को जिल्ला विकास योजना कार्यान्वयन गर्दा तथा आगामी आ.व. २०७३/०७४ मा बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु देहायबमोजिम रहेको व्यहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्न चाहन्छु ।

- नेपालको संविधान २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु,

- स्थानीय स्वायत्त शासन ऐन,२०५५ तथा नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, बालमैत्री स्थानीय शासन कार्यविधि र रणनीति २०६८, सामाजिक परिचालन कार्यविधि २०७१, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६,
- राष्ट्रिय योजना आयोगद्धारा प्राप्त कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन,
- नेपाल सरकार, सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा समय समयमा जारी गरिएका मार्गदर्शन तथा निर्देशनहरु,
- तेह्रौं योजनाको आधारपत्र आ.व.२०७०/०७१-२०७२/०७३ मा उल्लिखित व्यवस्थाहरु,
- वडा नागरिक मञ्च, गाउँ परिषद, ईलाकास्तरीय गोष्ठी, विषयगत समिति, एकीकृत योजना तर्जुमा समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकीकरण सहित प्राप्त भएका आयोजना, कार्यक्रम तथा सुझावहरु,

आदरणीय यस कार्यक्रमका प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, तथा उपस्थित् महानुभावज्यूहरु, आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन पश्चात देहायका उद्देश्यहरु हासिल हुने अपेक्षा गरिएको छ ।

- सकरात्मक विभेद र आरक्षणको व्यवस्थालाई कडाइका साथ लागु गरी जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक आदि वर्गको स्रोत र साधनमा पहूँच तथा सार्थक सहभागिता सुनिश्चत गर्ने कार्यक्रमहरुमा जोड दिइनेछ ।
- राजश्व परिचालनमा निजी क्षेत्रसँगको सहकार्य अभिबृद्धि गर्न र स्वच्छिक कर तिर्ने वातावरण तयार गरी आत्मनिर्भर बनाउने कार्यक्रमहरुमा जोड दिने प्रकृतिका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिइनेछ ।
- सामाजिक परिचालनको माध्यमद्धारा नागरिकमा कर्तव्य र अधिकारवारे बोध गराई कर्तव्य पालना र अधिकारमा दावी गर्न सक्ने आवस्यक क्षमताको विकास गरिनेछ ।
- कृषि तथा गैर-कृषि क्षेत्रको उत्पादनमा जोड दिई व्यवसायीकरणको माध्यमद्धारा हाल भइरहेको निकासीमा कटौती गरी पैठारीमा बृद्धि गरिनेछ ।
- भौतिक आर्थिक पूर्वाधारको साथै सामाजिक परिचालनद्धारा सामाजिक विकासको क्षेत्रमा विशेष जोड दिइ गरिवी न्यूनीकरणमा टेवा पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

उल्लिखित उद्देश्यहरु प्राप्त गर्नका लागि बजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

- भौतिक तथा आर्थिक पूर्वाधार विकास
- रोजगारमुखी समावेशी आर्थिक विकास
- स्वास्थ्य शिक्षासहितको सामाजिक विकास
- कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण
- वातावरण संरक्षण र संस्थागत विकास
- नविकरणीय उर्जाको प्रवर्द्धन

**आदरणीय उपस्थित महानुभावहरु,**

अब म चालु आवको दोस्रो चौमासिकसम्म प्राप्त क्षेत्रगत उपलब्धि तथा आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका बजेट, नीति तथा कार्यक्रमहरु बुँदागतरुपमा प्रस्तुत गर्न चाहान्छु ।

१. सरकारले स्थानीय निकायहरुको क्षमता अभिबृद्धि गरी वित्तीय विकेन्द्रीकरणलाई सबल बनाउने, सार्वभौमसत्ता जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतान्त्रीक गणतन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्ने तथा स्थानीय स्वायत्त शासनको स्थापना गरी ऐन र आवद्ध नियमावलीले व्यवस्था गरे बमोजिम पालना नगरी नहुने सूचकहरुका अतिरिक्त कार्यसम्पादन मूल्यांकनका न्यूनतम सर्तका आधारमा स्थानीय निकायहरुमा जाने स्रोतलाई सूत्रमा आवद्ध गर्ने अवधारणा अनुसार पर्वत जिविसले अभ्यास गरिरहेको व्यहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्न चाहान्छु ।

२. जिल्लामा बढ्दो बेरुजूलाई घटाउँदै जाने सन्दर्भमा हालको बेरुजुको विवरण तयार गरी सम्वद्ध पक्षबाट फछ्र्योट तथा असुल उपर गर्न चालु आ.व.मा गरिएको प्रयाशबाट कुल बेरुजु रु.८ करोड ४९ लाख ५१ हजार ४ सय मध्ये ९७ लाख अर्थात् ११ प्रतिसत समपरीक्षण भएको  छ भने बाँकी विगत वर्षदेखि पेश्कि लिई फछ्र्योट नगर्नेहरुलाई पटक पटक ताकेता गरिएको व्यहोरा अनुरोध छ ।

३. केन्द्रीयस्तरमा सीमित प्रजातन्त्रले राज्य सञ्चालनमा जनताको प्रत्यक्ष सहभागितालाई वास्त गर्दैन । यसले जनस्तरमा क्रियासील, सक्षम एवम प्रभावकारी प्रजातान्त्रिक परिपाटीलाई सुनिश्चितता प्रदान गर्न पनि सक्दैन । यहि मान्यता अनुरुप स्थानीय स्वायत्त शासनका इकाईहरुलाई बलियो बनाउन, सार्वभौम जनताको शासनमा पहुँच विस्तार गर्न नेपालको संविधान २०७२ ले जोड दिएको छ । स्थानीय स्वायत्त सरकारहरु जनस्तरमा लोकतान्त्रीक गणतन्त्रका प्रक्रियालाई सुनिश्चित र संस्थागत गर्ने माध्यम हुन् । यही विश्वव्यापी मान्यताअनुरुप हामीले स्थानीयस्तरमा सुशासन कायम गर्नका लागि अझ व्यवहारिक, वस्तुपरक र जनमुखी तवरले स्थानीय निकायहरुबाट भए गरेका कार्यक्रमहरुको बैधता, पारदर्शिता, जवाफदेहिता, सदाचार, समता, विधिको शासन जस्ता मुल्य मान्यताहरुलाई शिरोधार्य गर्दै स्थानीय निकायहरुबाट सञ्चालित योजना तथा कार्याक्रमहरुको जिल्ला प्रशासन कार्यालय पर्वतको अगुवाईमा जिल्लाका धाइरिङस्थित मिलनचोक, कार्कीनटा, लुंखुदेउराली, हुवास, रानीपानी आदि ठाउँहरुमा व्यापक जनसहभागिताका वीच घुम्ती शिविर तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु सम्पन्न भैसकेका छन । लाभ लाभांश विश्लेषण गर्ने, स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि र सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिमका परीक्षणहरुको कार्यान्वयनमा विशेष जोड दिइएको व्यहोरा म यस सम्मानीत समारोहमा अनुरोध गर्न चाहान्छु ।  कार्यालयहरुमा गुनासो सुन्ने अधिकारीको व्यवस्था हुनुको साथै एकिकृत नागरिक वडापत्रको प्रकाशन गरी सवै गाविसहरुमा सामाजिक परिचालक मार्फत सर्वसाधरण समक्ष पुर्याउने कार्य भइसकेको छ । सार्वजनिक आय र खर्च व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र परिणामुखी बनाउने नेपाल सरकारको उद्देश्यलाई सफल पार्ने प्रयास स्वरुप आधुनिक लेखा प्रणाली, प्रतिवेदन र लेखा परीक्षण पद्धति अवलम्बन गर्दै वित्तीय कारोवारको

स्वच्छता र स्तरीयता मापन गर्ने कार्यमा जोड दिइएता पनि बजेट समयमा प्राप्त हुन नसक्नु, प्रस्तुत बजेट पूर्णरुपमा कार्यान्वयन हुन नसक्नु, चालु खर्च अत्याधिक बढेर जानु, पूजीगत खर्च कम हुनु, वेरुजूको आयतनमा बृद्धि हुनु, र खर्च रकमको प्रभावकारिता न्यून रहनु आदि चुनौतीहरु हाम्रा सामु विद्यमान छन् ।

**आदरणीय उपस्थित महानुभावहरु,**

४. जिल्लामा साधन स्रोतको अपर्याप्तता, भूमिको बढ्दो खण्डीकरण, अपर्याप्त सिंचाइ, कृषि ऋणमा पहुँचको कमी, ग्रामीण इलाकामा कृषि श्रमिकको अभाव, उत्पादन लागतमा बृद्धि, कमजोर बजार सञ्जाल व्यवस्थापन, आदि कृषि क्षेत्रका आधारभूत समस्याहरुका बावजुद् कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि, व्यवसायीकरण र व्यपार प्रवर्द्धन, कृषि सूचनामा पहुँच विस्तार एवम् क्षमता अभिवृद्धि र समग्रमा खाद्य तथा पोषण सुरक्षालाई टेवा पुर्‍याउने खालका विभिन्न कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्ने सरकारको सोच अनुसार हामीले जिल्लाको कृषि क्षेत्रमा विशेष जोड दिएका छौं । जिल्लाकै आम्दानीको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र अन्तर्गत सुन्तला, तरकारी तथा तरकारकिो वीउ, कफी, आलु तथा लप्सी मुख्यरुपमा जिल्लालाई चिनाउने कृषिजन्य बस्तुहरु भएकाले यी बस्तुहरुको निकासीमा वृद्धि गर्न पकेट क्षेत्रहरुको विकास गरी उत्पादन गर्न जोड दिइएको छ । वितरणमूखी कार्यक्रमहरु भन्दा प्रतिफलमूखी कार्यक्रमहरुमा जोड दिइएकाले जिल्लामा व्यवसायिक फर्महरु स्थापना गर्न सफल भएका छौं । नाग्लीवाङ, अम्वोट, सरौखोला, हुवास क्षेत्रमा व्यवसायिक कृषि फर्महरु स्थापित भइसकेका छन् भने पातीखोलाको रेन्वो ट्राउट फर्म राष्टिय पुरस्कारबाट सम्मानित भैसकेको छ । हाल जिल्लामा  खाद्यान्न, दलहर्न, तेलहर्न, तरकारी आदि ठूलो आकारको आयतलाई प्रतिस्थापन गर्न ग्रामीण क्षेत्रमा रहेको बाँझो जमिनलाई सिंचाइ गर्ने र सिंचित भएको जमिन पनि बाँझो राख्ने जग्गा धनीलाई वार्षिक प्रतिरोपनी रु. ५०/- का दरले जरिवाना तिर्नुपर्ने विशेष व्यवस्थामा जोड दिइनेछ । **"हामी सबैको प्रतिबद्धता खाद्य सुरक्षामा सुनिश्चितता"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै पर्वत जिल्लाको खाद्य सुरक्षाको अवस्थालाई दिगो र मजबुत राख्नको लागि जिल्ला खाद्य सुरक्षा सञ्जाललाई थप सक्रिय बनाउँदै खाद्य सुरक्षा अनुगमनलाई प्रभावकारी बनाई जिल्ला खाद्य सुरक्षा सञ्जालले तयार गरेको खाद्य सुरक्षा प्रतिकार्य योजना (**Food Security Response Plan**) २०७२ लाई यसै परिषदबाट पारित गरी प्रतिकार्य योजनामा सिफारिस गरिएका क्रियाकलापहरुलाई प्राथमिकीकरण गर्दै कार्यान्वयन गर्ने नीति अबलम्बन गरिनेछ ।

सिँचाईमा व्यापकता ल्याई **"पलाष्टिक टनेल र सुधारिएको भकारो सहितको घर"** को अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ । विदेशिएका युवा शक्तिलाई ग्रामीण क्षेत्रमा कृषि व्यवसाय मार्फत नै रोजगारी सृजना गर्नका लागि कृषि यान्त्रीकरण, कृषि विमा कार्यक्रम तथा सुन्तला सूदृढीकरण कार्यक्रमहरुलाई विशेष जोड दिई सञ्चालन गरिनेछ । कुश्मा बजारमा स्थापना भएको कृषि उपज संकलन तथा विक्री केन्द्रको थप सुदृढीकरण गरिनेछ । आगामी आ.व.मा उल्लिखित कार्यहरु कार्यान्वयन गर्नका लागि रु.३ करोड ८६ लाख बजेट प्रस्ताव गरिएको छ ।

५. हाम्रो जिल्लामा कृषि प्रणालीमा पशु व्यवसायको महत्व अनादिकालदेखि आजसम्म रहिआएको छ । वर्तमान् अवस्थामा यो व्यवसाय कृषि उत्पादनको पूरक अङग मात्र नभएर अति विपन्न एवं विपन्न नागरिकहरुको आय आर्जनको प्रमुख आधार पनि हो । देशको अर्थतन्त्रको मेरुदण्ड र कृषकहरुको मुख्य पेशाको रुपमा रहेको पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी गुणस्तरीय स्वस्थकर खाद्यपदार्थको उपभोगमा बृद्धि ल्याउन जिल्लाको संभाव्यताको आधारमा गाई प्याकेज, बाखा प्याकेज, सहकारी सञ्चालन, डेरी पसल सुधार, विद्युतबाट चल्ने च्यापकटर वितरण, मिल्क क्यान वितरण, बंगुर सहकारी खेती, युवा लक्षित कार्यक्रमको सञ्चालन आदि जस्ता कार्यक्रममा विशेष जोड दिएको र आगामी आ.व.मा उल्लिखित कार्यक्रमहरु निरन्तरताको लागि रु २२ लाख २ हजार बजेट विनियोजन गरिएको छ

जिल्लामा सञ्चालित सिंचाइ योजनाहरु मध्ये मल्लाज माझफाँटको ४६० हेक्टर जमिन, फलेवास एरियाको ३३८ हेक्टर जमिनमा बाह्रै महिना सिंचाइ सुविधाको व्यवस्था गरी त्यस क्षेत्रको खाद्यन्नमा आत्मनिर्भर गराउने उद्देश्य राखिएको छ । यी आयोजनाहरुको लागि रु.५करोड २७ लाख बजेट विनियोजन गरिएको छ ।

६. सरसफाईलाई जनस्वास्थ्य, सामाजिक प्रतिष्ठा, विकास र सम्वृद्धिको आधारस्तम्भ मानिन्छ । यसले स्वस्थ, सभ्य र उत्पादनशील मानव विकासका साथै गुणात्मक जीवन निर्माणमा अमूल्य भूमिका खेल्दछ । सरसफाईको अभावमा दिगो विकासको परिकल्पना गर्न सकिदैन । उल्लिखित कार्यक्रमहरुलाई मध्यनजर गर्दै सन २०१७ सम्ममा सम्पुर्ण नेपालीहरुलाई आधारभूत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य अनुरुप खानेपानी डिभिजन कार्यालय तथा **D-WASHCC** समेतको समन्वयमा ५ वर्षे **D-WASH -Strategy Plan** को  प्रभावकारी कार्यान्वयनमा जोड दिइरहेका छौं । यसै सन्दर्भमा थापाठाना गाविसलाई पूर्ण सरसफाईयुक्त नमूना गाविस घोषणा गरिएको छ भने अन्य गाविसहरुमा **Post ODF** का क्रियाकलापहरुलाई निरन्तरता दिइएको छ । हालसम्म ९१ प्रतिसत अर्थात एकलाख तेत्तिसहजार जनसख्या आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित भएको छ । आगामी आर्थिक वर्षमा सञ्चालन हुने क्रियाकलापहरु आयोजनाहरुलाई गाविसस्तरमा निर्माण भएका खानेपानी तथा सरसफाई स्वच्छता योजनाहरुसँग समन्वय गरी सोही प्राथमिकताका आधारमा **'एक घर एक धारा'** प्रणालीमा आधारित योजनाहरुमा विशेष जोड दिई सञ्चालन गर्नका लागि रु. १० करोड १२ लाख ३९ हजार बजेट विनियोजन गरेका छौं ।

७. २१औं शताब्दीको विकास आर्थिक, सामाजिक, राजनैतिक, मानवीय आयाममा देखा पर्ने सकरात्मक र गुणात्मक परिवर्तन हो । यो कुनै बाहिरबाट आउने उपहार होइन । प्रत्येक व्यक्ति भित्र रहेका असीमित क्षमता र सम्भावनाहरु उजागर गर्न सक्ने सशक्त तरिका र औजारको रुपमा हामीले रुपान्तरणीय सामाजिक परिचालनलाई लिएका छौं । स्थानीय विपन्न र सीमान्तकृत परिवारलाई विकासका हरेक क्रियाकलापमा सुरुदेखि अन्तसम्म अर्थपूर्ण सहभागी गराई कामको स्वरुप, प्रक्रिया र प्रतिफल वारे सचेत बनाउनका लागि जिल्लामा ६ बटा गैरसरकारी संस्थाहरु मार्फत सबै गाविसहरु तथा नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरुलाई परिचालन गरिएको छ । जिल्लाका २३ वटा गाविसहरुमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा २०५३ सालदेखि सञ्चालन हुँदै आएको गाउँ विकास कार्यक्रम जिल्लामा संस्थागत हुँदै गएको छ भने जम्मा ४ वटा गाविसमा सिमित **"गरिवसँग विश्वेश्वर"** कार्यक्रम चालु आ.व.देखि गाविस विपन्नता स्तरीकरणको आधारमा भुकताडले, क्याङ, भँगरा र भोक्सिङ गरी ४ वटा गाविसहरु थप भई ८ वटा गाविसमा विस्तार हुन पुगेको छ । सम्पत्ति, ज्ञान र क्षमता नहुनु मात्रै गरिवीका कारण होइनन् । सामाजिक बहिष्करण र विभेद पनि गरिवीका महत्वपूर्ण कारण हुन् भन्ने मान्यता अनुरुप गरिवीका मूल कारणहरुलाई सम्वोधन गर्ने गरी कार्यक्रमहरुमा समायोजन र परिमार्जन गर्दै अभ्यासमा ल्याउने क्रममा गाविसस्तरका अति गरिव वस्तीहरुको पहिचान गरी ती वर्गहरुको अधिकार, आवज र छनोट (**Right, Voice र Choice**) मा पहुँच विस्तार गर्दै मानव क्षमता अभिबृद्धि गर्ने प्रयाश गरिएको छ भने अर्को तर्फ त्यस्ता बस्तिहरुलाई साना पूर्वधार तथा आयआर्जन कार्यक्रम अन्तर्गत प्रति बस्ति रु. ३६०,००० का दरले आर्थिक सहयोग गर्नूको साथै नागरिक सचेतना केन्द्रको संस्थागत विकासमा जोड दिइएको छ । समुदायमा हुने विवाद तथा झैझगडाहरुलाई मेलमिलापको प्रक्रियाबाट स्थानीय स्तरमा समाधान गरी विपन्न र कमजोर वर्गको न्यायमा पहुँच सुनिश्चित गर्न **"विवादको साटो मेलमिलापको बाटो"** अबलम्वनमा जोड दिएका छौं । उल्लिखित कार्यहरु कार्यान्वयनको लागि रु.३ करोड ५४ लाख ८७ हजार बजेट प्रस्ताव गरेको छु ।

**आदरणीय उपस्थित महानुभावहरु,**

८. नेपाल सरकारले अघि सारेको सामाजिक समावेशीकरणको अवधारणा अनुसार हामीले बालबालिका, जेष्ठ नागरिक, महिला, दलित आदिवासी जनजाति तथा अपाङ्गता, अतिगरिव र अल्पसंख्यकको क्षेत्रमा विशेष ध्यान केन्द्रित गरेका छौं । देशमा व्याप्त गरिवी न्यूनीकरण गर्न र बेरोजगारी, सामाजिक बहिष्करण, रोग ब्याधि, अपाङ्गता तथा वृद्ध अवस्थाका कारण नागरिकहरु सामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम व्यवस्थापन गर्न सघाउ पुर्‍याउने उद्देश्यले नेपाल सरकारबाट व्यवस्था गरिएको सामाजिक सुरक्षा कार्यक्रमलाई हाम्रो जिल्लामा थप पारदर्शी र व्यवस्थित बनाउनको लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुको विवरण नेटमा समाविष्ट गर्ने, लाभग्राहीको विवरणलाई स्थानीय सामाजिक सुरक्षा समन्वय समितिमा छलफल गरी अनिवार्यरुपमा निर्णय गराउने र जिल्ला सामाजिक सुरक्षा समन्वय समितिलाई सक्रिय गराउनुका साथै सामाजिक सुरक्षा भत्ता वितरणको लागि पायक पर्ने बैंकहरुमा व्यक्तिगत खाता सञ्चालन गरी बैंकमार्फत वितरण गर्ने गतसालदेखिको अभ्यासलाई चालु आ.व.मा पनि निरन्तरता दिइएको छ । लाभग्राहीहरुको बैंकसम्मको पहुँचलाई थप सरल र सहज बनाउनको लागि जिल्लाका लुंखुदेउराली, हुवास र फलेवास क्षेत्रमा बैंकहरुको संख्या थप गर्नको लागि प्रयाश भइरहेको व्यहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्दछु । चालु आ.व.मा २१ हजार ४ सय ६८ लाभग्राहीहरुका लागि रु.१५ करोड ९५ लाख ६५हजार २००सय सामाजिक सुरक्षा भत्ता भुक्तानी हुने व्यहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्न चहान्छु ।

९. सबै बालबालिका र तिनका परिवारले आफ्ना आधारभूत आवस्यकता पूर्ति गर्न समान अवसर र क्षमताको विकास गर्न नेपाल सरकारले अघि सारेको **"बालमैत्री स्थानीय शासन"** सहितको अवधारणालाई जिल्लाका सबै गाविसहरुमा कार्यान्वयन गरी बालमैत्री जिल्ला घोषणा गर्न बाल योजना, बालबालिकामा लगानी, बाल सहभागिता र बाल आवजको सम्मान गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा निर्धारण गरिएका ३९ वटा सूचकहरु पूरा गर्नका लागि सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय गर्ने प्रयाश जारी छ । हाल चित्रे गाविसमा बालमैत्री स्थानीय शासनका ८० प्रतिसत सूचकहरु पूरा भइसकेकोले चालु आ.व.मा बालमैत्री स्थानीय शासन सहितको गाविस घोषणा गर्ने कार्यक्रम रहेको छ ।

**उपस्थित आदरणीय महानुभावहरु,**

१०.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण महिला तथा पुरुष र विभिन्न सामाजिक समुहहरुबीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि जिल्लामा प्राप्त स्रोतहरुलाई **"जसको सवाल उसैको सरोकार"** का आधारमा लक्षित वर्ग जिल्ला समन्वय समितिहरु मार्फत कार्यक्रमहरुको तर्जुमा, अनुगमन, तथा समन्वय गर्नमा विशेष जोड दिइएकाले यसको निरन्तर अभ्यासपछि समतामुलक समाज निर्माणमा ढिलाइ हुनेछैन भन्ने कुरामा हामी विश्वस्त छौं । यी कार्यहरुका लागि रु.३३ लाख बजेट विनियोजन गरेको छु ।

११.मानव जीवनका हरेक क्षेत्रको विकासमा वातावरणको अहम् भूमिका हुन्छ । त्यसमा पनि गरिव एवम् विपन्न वर्गको जीविकोपार्जन पूर्णरुपमा स्वस्थ वातावरणमा निर्भर रहन्छ । सुखमय मानव जीवनको लागि हावापानी, माटो, ढुङ्गा, वनजंगल, वनस्पती, वन्यजन्तु, पशुपक्षीं लगायतका प्रकृतिका अनुपम सम्पदाको अस्तित्व रक्षा आवस्यक छ । हामीले यसको महत्वको वारेमा सर्वसाधरणमा सचेतना (Awarness) लगायतका कार्यक्रमहरु सञ्चालनको लागि गैर सरकारी क्षेत्रसँगको समन्वयमा जोड दिएका छौं । चालु आ.व.देखि पूर्वधार विकासका हरेक योजना परियोजनामा विनियोजित रकमको कम्तीमा पनि ५ प्रतिसत रकम वाताबरण संरक्षणमा अनिवार्यरुपमा छुट्ट्याउन पर्ने गरी नीति तर्जुमा गरेका छौं । जिल्लामा पहिचान गरिएका १८ वटा उप जलधारहरु मध्ये ७ वटा उप जलधार (लस्तिखोला, पातीखोला, तल्लो मोदी, रती, मल्याङदीखोला, सेतीखोला र जहरेखोला) को जलधार संरक्षण योजना तयार भइ कार्यान्वयनमा गइसकेको छ । चालु आ.व. मा भँगरा गाविस वडा नं. २ का २३ घरधुरीहरुको संरक्षण लगायत वर्षाद्को समयमा कालीगण्डकीमा आएको वाढीले वारीवेनी बगरफाँटमा बनाएको टापुका कारण वन्द हुन गएको यातायात सञ्चालनमा विशेष प्रयाश गरिएको व्यहोरा म अनुरोध गर्न चाहान्छु । उल्लिखित कार्यक्रमहरुका लागि रु.४ करोड ४६ लाख ४७ हजार बजेट प्रस्ताव गरिएको छ ।

१२. शैक्षिक पद्दतिलाई सिर्जनात्मक, व्यवहारिक, समावेशी र समतामुलक बनाउँदै समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहीतामा अभिबृद्धि गर्ने राष्ट्रिय उद्देश्यलाई सहयोग पुर्‍याउनको लागि शैक्षिक क्षेत्रमा चालु आ.व सम्म विविध कार्यक्रमहरु कार्यान्वयनमा जोड दिएका छौं । जस्तै शिक्षक अभिलेख व्यवस्थापन गरी शिक्षकलाई लियनपदमा फिर्ता गर्ने, नयाँ स्थायी शिक्षकहरुको पदस्थापन तथा विस्थापित शिक्षकलाई व्यवस्थापन गर्ने कार्यहरु भइरहेका छन् । जिल्लाका २७ गाविस निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गाविस घोषणा भइसकेका छन् भने १३ वटा गाविसहरुलाई पूर्ण साक्षर गाविस घोषणा गर्ने कार्य सम्पन्न भइसकेको छ । जिल्लाका केही विद्यालयहरुमा अनिवार्य अग्रेजी भाषाको माध्यमद्धारा पठन पाठनको शुभारम्भ गरेका छौं । पठन पाठनलाई थप व्यवस्थापन गर्नका लागि शैक्षिक क्यालेण्डर तयार गरी वितरण गर्ने कार्य सम्पन्न भइसकेको छ । उल्लिखित कार्यहरुको अतिरिक्त अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयनमा कठिनाइ हुनु, सामुदायिक अध्ययन केन्द्रहरुको संस्थागत विकास हुन नसक्नु, नि.मा.वि. तथा मा.वि. तहमा दरबन्दीको अभाव हुनु, विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्न नसक्नु, सबै सरोकारवलाहरुबीच शैक्षिक गुणस्तरको मुद्धा साभ्फ बन्न नसकनु, आदि सवालहरु चुनौती तथा समस्याको रुपमा रहेका छन् । आ.व.२०७३/०७४ को लागि पूर्ण साक्षर जिल्ला घोषणा गर्ने, शिक्षा समितिलाई पूर्णता दिने, जिल्लास्थित सरोकारवलाहरुबीच शैक्षिक समन्वय गरी अनुगमनका साथै समन्वयमा जोड दिई शिक्षामा देखिन सक्ने दोहोरोपनालाई पूर्णरुपमा निरुत्साहित गर्ने, एस.एल.सी. को उत्तीर्ण दर कम्तीमा पनि ५० प्रतिसत पुर्‍याउने गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ । यी लगायतका अन्य नियमित क्रियाकलापहरुको लागि ७० करोड ३१ लाख ५१ हजार बजेट बिनियोजन गरिएको छ ।

**आदरणीय उपस्थित् महानुभावहरु,**

१३. हाल ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतिर बसाई सर्दै जाने क्रमलाई रोकी ग्रामीण क्षेत्रमा स्वरोजगार सृजना गर्न, कृषि क्षेत्रमा रहेको परनिर्भरतालाई घटाउँदै स साना व्यवसायहरु तथा लघु उद्यमहरु सञ्चालन गरी युवा रोजगारमा बृद्धि गरी जिल्मा गरिवी न्युनीकरणमा टेवा पुर्‍याउने उद्देश्य अनुरुप घरेलु तथा साना उद्योग विकास समिति र व्यवसायिक तथा सीप विकास तालिम केन्द्र पर्वतले चालु आ.व.मा ५६२ जनालाई सीपमूलक, आयमूलक तथा रोजगारमूलक तालिमहरु सञ्चालन गरिरहेको छ । आगामी आ.व.२०७३/०७४ को लागि १०६० जनालाई स्थानीय स्रोत र साधनको परिचालन हुने प्रकृतिका तालिमहरु उपलब्ध गराउने कार्यक्रमहरु तर्जुमा गरिएकोले यी कार्यक्रमहरुका लागि रु.१ करोड २७ लाख ९० हजार बजेट विनियोजन गरिएको छ ।

१४. सडक तथा यातायात पूर्वाधार, आर्थिक विकास, सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । यातायातको माध्यमबाट क्षेत्रीय असमानता हटाउन, आर्थिक क्रियाकलापहरुलाई गतिशिलता प्रदान गर्न तथा अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहमा सहजीकण हुने भएकाले यातायातलाई विकासको पूर्वसर्तका रुपमा लिई जिल्लाका सबै गाविसमा बाह्रै महिना सञ्चालन हुने (**ALL Seasonal Road**) को अवधारणा अनुसार तयार गरी कार्यान्वयनमा आइरहेको जिल्ला सडक गुरुयोजना (**DTMP**) लाई आधार मानी ५ वर्ष भित्र जिल्ला सडक मुख्य सञ्जाल (**DRCN**) अन्तर्गत ३२ वटा सडकहरुको कुल २९२ कि.मी. ग्रामीण सडकको मर्मत संभार कार्यलाई तिव्रता दिइएको छ । यस आ.व.मा **RRRSDP** मार्फत मुडिकुवा भ्फकलाक कुर्घा लुंखु सडकको पहिलो चरणमा ८ कि.मी.खण्डमा कालोपत्रे गर्ने कार्य भइरहेको छ । आ.व.२०७३/०७४ मा लुंखुसम्म सडक कालोपत्रे गरिनेछ । यसैगरी कुश्मा हलहले अर्मादी

भाटेवारी बनौ तथा लुंखु ज्यामिरे  हुवास ग्रामीण सडकहरुको विस्तृत सर्वेक्षण गर्ने कार्य सम्पन्न भइसकेकोले दातृ निकाय एशियाली विकास बैंक ADB को आर्थिक सहयोगमा स्तरउन्नतीको कार्यलाई जोड दिइनेछ । ग्रामीण पहुँच कार्यक्रम (RAP3) मार्फत सिल्मी ठूलीपोखरी कार्कीनेटा सडकको पहिलो २.२ कि.मी.सडक खण्डको स्तरउन्नतिको कार्य चालु आ.व.मा सम्पन्न गर्ने गरी कार्य भइरहेको छ । ग्रामीण पहूँच कार्यक्रम अन्तर्गत सिल्मी ठूलीपोखरी कार्कीनेटा तथा चिसापानी हुवास वहाकी वर्राचौर खण्डको विस्तृत सर्भेक्षण गर्ने कार्य सम्पन्न भइसकोले आगामी आ.व.मा स्तरउन्नतीको कार्य सञ्चालन गर्न प्रस्ताव गरिएको छ । चालु आ.व.को दोस्रो चौमासिकसम्म ३२ वटा DRCN सडकहरुको विशेष मर्मत सम्भारको कार्य उपभोक्ता समितिहरु मार्फत गर्ने गरी लगत स्टिमेट तयार भई सम्फौताको कार्य अघि बढीसकेको छ । उल्लिखित कार्यहरुको लागि रु. १ करोड ४२ लाख बजेट विनियोजन गरिएको व्यहोरा अनुरोध गर्न चाहान्छु । DRCN सडकहरुको नियमित मर्मत सम्भारको लागि सडक मर्मत समुह मार्फत १९३ जना जनशक्ति परिचालन गरिएको छ । विगतका वर्षहरुमा भैं चालु आ.व.मा पनि स्वीकृत भइसकेको ARAMP अन्तर्गत जिल्ला सडक मुख्य सञ्जालको लागि कुल बजेटको ८० प्रतिसत र VRCN सडक अन्तर्गत बाँकी २० प्रतिसत बजेट विनियोजन गरिएको छ । आगामी आ.व.मा ARAMP तयार गरी सोही अनुसार प्राथमिकताका आधारमा सडक क्षेत्रको बजेट विनियोजन गरिनेछ । जहरेखोला मोटरेवल पुलको कार्य चालु आ.व.मा सम्पन्न हुनेछ भने मल्याडदी र लुडदीखोलाका मोटरेवल पुलहरुको निर्माण कार्यको शुभारम्भ भइसकेको व्यहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्न चाहान्छु ।

१५. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै जिल्लावासीको समतामूलक पहुँच बढाउने उद्देश्यअनुरुप चालु आ.व.सम्म १५ वटा गाविसहरु पूर्ण खोप सुनिश्चित गाविस घोषणा भइसकेकाले बाँकी ३२ वटा गाविस तथा कुश्मा नगरपालिकालाईसमेत सम्पूर्ण सूचकहरु पूरा गरी आ.व. २०७३/०७४ भित्र पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्ने कार्यक्रम रहेको छ । यसै गरी जिल्ला अस्पतालमा ५० सैयाको भवन निर्माणको कार्य शुरुवात हुनु, नवजात शिशु तथा आमालाई अकालबाट बचाउनको लागि जिल्ला अस्पताल पर्वतमा BEOC सेवाको शुरुवात गर्ने, जिल्ला अस्पतालमा HIV सङ्क्रमीतहरुको लागि दिइने उपचार ART सेवाको शुरुवात हुनु, त्यस्तै आमाबाट बच्चामा सर्ने HIV सङ्क्रमणको रोगथाम (PMTCT) सेवा लागु गर्ने, स्वास्थ्य चौकीको लागि भवन निर्माणको लागि जग्गा खरिद तथा निर्माणको लागि केन्द्रमा माग गर्ने आदि कार्यहरुको शुरुवात भइसकेको छ भने नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय पर्वतको अगुवाईमा जिल्लामा पहिलो पटक रक्त सञ्चार केन्द्रको स्थापनाको कार्य अघि बढीसकेको व्यहोरा म अनुरोध गर्न चाहान्छु । उल्लिखित सबै कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि रु.१७ करोड २६ लाख २७ हजार बजेट विनियोजन गरिएको छ ।

**उपस्थित आदरणीय महानुभावहरु,**

१६. सार्वजनिक सेवाहरुको प्रवाहमा प्रभावकारीता हाँसिल गरी सेवाग्राहीहरुको पहुँचलाई सहज तुल्याई सुशासनलाई सुनिश्चित प्रदान गर्नमा सूचना प्रविधिले निकै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सन्दर्भमा जिल्लामा नेपाल टेलीकम मार्फत ल्याण्ड लाईन टेलिफोन सेवा १२३६, जी.एस.एम.मोवाइल प्रिपेड ८५९९६, जी.एस.एम, मोवाइल पोष्टपेड १४६२, सी.डी.एम.ए. फोन १४६५, एन.टि. वाइफाई १, ए.डि.एस.एल.ईन्टरनेट सेवा ३५०, एन.टी.स्याट १, आदि प्रकारका सेवाहरु प्रवाह हुँदै आइरहेका छन् । हाल जिल्लाका विभिन्न ठाउँहरुमा १९ वटा टावर रहेका छन् । पर्वतको शंकरपोखरी र बागलुडको बिनामारेमा यसै आ.व.मा नयाँ टावर राखिने योजना रहेको छ । माग तथा आवस्यकताअनुसार थप टावरको व्यवस्था गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै ग्राहकहरुको सन्तुष्टिलाई मूल संकल्पको रुपमा लिई अगाडि बढने व्यवहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्न चाहान्छु ।

१७. विद्युतको विस्तारसँगै यसको दिगोपनको लागि नयाँ लाईन तथा अति जीर्ण काठको पोल फेर्न टेण्डरको माध्यमद्धारा कार्य अघि बढिसकेको छ । आ.व.२०७२/०७३ को चालु आ.व.सम्म जिल्लाका भोक्सिङ गाविसबाहेक कुश्मा नगरपालिका तथा ४६ वटा गाविसहरुमा विद्युतीकरण भइसकेको र भोक्सिङ गाविसमा पनि निकट भविष्यमा विद्युतीकरण भइ बत्ती बल्ने प्रयोजनमा काम भइरहेको छ । कुश्मा नगरपालिका वडा नं. ४ खुर्कोटमा २२०/१३२/३३ के. भि.को सवस्टेशन निर्माणको प्रयोजनको लागि अधिकरण गर्ने १४७ रोपनी जग्गामा विगत ३ वर्षदेखिको चल्दै आएको विवाद चालु आ.व.मा प्रमुख जिल्ला अधिकारीज्यूको पहलमा राजनैतिक दलहरुसमेतको समन्वयमा जग्गाधनी र आयोजनावीच सहमती भई कार्य अघि वढीरहेको व्यहोरा म यहाँ जानकारी गराउन चाहान्छु । विगत आ.व.२०७०/०७१ देखि निर्माण कार्य शुरु भएको जिल्लाको ३३/११ के.भी. अन्तर्गत ६ देखि ८ एम.भी.ए. को सवस्टेशनको निर्माण कार्य आगामी २ महिनाभित्र सम्पन्न भई फिडर वाईज सप्लाई हनेछ भने निर्माणाधीन विद्युत प्राधिकरणको भवन सम्पन्न भइसकेकोले यही २०७२ साल फाल्गुण मसान्तरभित्र आफ्नै भवनमा सर्ने कार्यक्रम रहेको छ । नेपाल सरकारको सन २०१७ सम्म नेपालका सबै गाविस हुँदै जिल्लालाई **"भान्सा भित्रको धुवाँमुक्त जिल्ला घोषणा"** गर्दै जाने उद्देश्य अनुरुप "बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम" को आर्थिक सहयोगमा हालसम्म जिल्लाका ८ वटा गाविस **"भान्साभित्रको धुवाँमुक्त गाविस"** घोषणा भइसकेका छन् भने पर्वत जिल्लालाई **'उज्यालो जिल्ला'** को रुपमा चिनाउनको लागि लोडसेडि मुक्त जिल्ला घोषणामा सहयोग गर्न म यस सम्मानित समारोहमा हार्दिक अनुरोध गर्दछु । उल्लिखित कार्यक्रमहरु कार्यान्वयनको लागि नेपाल विद्युत प्राधिकरण र जिल्ला विकास समितिको संयुक्त बजेट रु.३ करोड २८ लाख ५० हजार प्रस्ताव गरिएको छ ।

१८. समाज विकासको सबैभन्दा महत्वपूर्ण शक्तिका रुपमा रहेको युवाहरुका लागि स्वरोजगारमूलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा जोड दिइएको छ । जिल्ला खेलकुद विकास समितिको अगुवाईमा सातौं राष्टिय खेलकुदको जिल्ला छनोट प्रतियोगिता सम्पन्न भइसकेको छ । विभिन्न स्थानीय क्लवहरुसँग समन्वय गरी खेलकुद सामाग्रीहरु वितरण गर्नुका साथै ईलाकास्तरीय खेल मैदानको लागि आवस्यक पहल भइरहेको छ । यी कार्यहरुको लागि बजेट प्रस्ताव गरिएको छ ।

१९. चालु आ.ब.को लागि तर्जुमा गरिएका नीतिहरु अनुसुचिमा समावेश गरिएको ब्यहोरा अनुरोध गर्दै आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न देहाय बमोजिमका मुख्य नीतिहरु अबलम्वन गरिने व्यहोरा म यस सम्मानित समारोहमा अनुरोध गर्न चाहान्छु ।

क. **सामाजिक विकास तर्फ पारित नीतिगत निर्णयहरु :**

- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा स्थानीय निकायमा प्राप्त पूजीगत अनुदानको ३५% रकम विनियोजन गरेर मात्र साफेदारी कोष वापतको रकम विनियोजन गर्नका लागि हाल भइरहेको कार्यविधिको व्यवस्थामा संशोधन गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।
- जिल्ला विकास समितिमा जिविस तथा गैर-सरकारी संस्थाहरु वीच समन्वय गर्न NGO डेक्स गठनको लागि जिल्लास्थित गैर-सरकारी संस्थाहरुसँग समन्वय गरी कार्य अघि बढाउने निर्णय गरियो । जिल्लामा सबै कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा गैर-सरकारी संस्थाहरु र नीजि क्षेत्र समेतको समन्वयमा दोहोरोपन नहुने गरी कार्यान्वयन गर्ने नीति अबलम्वन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पर्वतद्धारा पिडितहरुलाई राहात सामग्रीहरु ढुवानी तथा खरिद गर्नका लागि आवस्यक पर्ने बजेटको व्यवस्थापनको लागि जिल्ला विकास समितिले आवस्यक समन्वय गर्ने छ ।
- जिल्ला अस्पताल विकास समितिद्धारा सञ्चालित कार्यहरुमा (जिल्ला स्वास्थ्य कार्यालयमा अप्रेशन कक्षा सञ्चालन) आवस्यक सहयोग गरिने छ ।

- नेपाल रेडक्रस सोसाइटी पर्वतको पहलमा पर्वत जिल्लामा पहिलो पटक सञ्चालन हुन थालेको रक्त सञ्चार केन्द्रको भवन निमार्णको लागि जिल्लामा आर्थिक तथा प्रविधिक सहयोग तथा समन्वय गर्न जिल्ला विकास समितिले विशेष पहल गर्ने छ ।
- स्वास्थ्य चौकीको भवन निर्माणको लागि गाविस तथा नगरपालिकाले जमिन (घडेरी) उपलब्ध गराउनुपर्ने व्यवस्थामा संशोधन गरी घडेरी खरिदमा ५०% उपभोक्ता र वाकी ५०% स्वास्थ्य मन्त्रालयले व्यहोर्ने गरी नीति तर्जुमा गर्नका लागि स्वास्थ्य मन्त्रालयमा अनुरोध गरिनेछ ।
- मोटर बाटो निर्माण गर्दा भत्किएका संरचनाहरु (मन्दिर, स्कुलका भवनहरु, कुलो, बाटो, तथा अन्य घरवासका भवनहरु) को क्षेतीपूर्ति मोटरबाटो निर्माणमा आर्थिक सहयोग गर्ने संघ संस्था/कार्यालयबाट उपलब्ध गराइनेछ ।
- जिल्लाका पकुवा, मुडिकुवा र रानीपानी गाविसमा सञ्चालित प्राविधिक शिक्षालयहरुको दिगोरुपमा निरन्तरता दिन तथा थप स्तरउन्नति गर्नका लागि केन्द्रमा आवस्यक बजेट तथा प्राविधिक सहयोग माग गर्ने र जिल्लास्तरको सहयोगको लागि समन्वय गरिने छ ।
- जिल्लामा लक्षित वर्गको बजेट तथा कार्यक्रम थप प्रभावकारी बनाउनको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा तर्जुमा गरी जारी गरेका कार्यविधिहरुमा भएको व्यवस्थाअनुसार हालको अवस्था पहिचान गरी (SWOT Analysis) गरेर कमजोर देखिएका क्षेत्रहरुलाई समेट्दै ३ वर्षे कार्ययोजना बनाई कार्यक्रम कार्यान्वयन गरिने छ ।

**ख.आर्थिक विकास तर्फः**

- पर्वत जिल्लालाई दुध तथा ध्यूमा आत्मनिर्भर बनाइ जिल्लाबाट समेत निर्यात गराउने उद्देश्यका लागि डेढ वर्षसम्म भैसीका पाडा/पाडी पाल्ने कृषकहरुलाई प्रति पाडा/पाडी वापत आवस्यक कार्यविवधिका आधारमा रु.३००/- सम्म पुरस्कार दिइने व्यवस्था मिलाईनेछ ।
- पर्वत जिल्लामा हाल खाद्यन्नमा हुँदै आएको आयतमा कटौती गरी खाद्यन्नमा आत्मनिर्भर जिल्ला बनाउनका लागि जिल्लाभित्र सिंचाइंको सुविधा भएर पनि जग्गा बाँझो राख्ने जग्गाधनीलाई गाउँ विकास समिति मार्फत प्रतिरोपनी रु.५०/- का दरले जरिवाना गर्ने ब्यवस्था मिलाउने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।
- स्थानीय स्रोत र साधनको उचित सदुपयोग गर्दै स्वरोजगार सिर्जना गरी आम्दानी बढाउने उद्देश्य अनुरुप जिल्लाका बाँसखर्क, लेकफाँट, माँझफाँट, क्याङ, कुर्घाको लुवाखोला, लुंखुदेउराली, पाखापानी लगायतका गाविसहरुमा निर्माणमूखी खनीज पदार्थ (स्लेट, छाउने ढुंगा, तथा अन्य कलात्मक रुप दिन सकिने ढुगा) आदि बातावरणमा प्रतिकुल असर नपर्ने र निश्चित करको दायरामा ल्याइ उत्खनन् गर्न सकिने प्रकृतिका खनीज पदार्थको उत्खनन्को लागि आवस्यक व्यवस्था मिलाइनेछ ।
- जिल्लामा अधिकांश खेतीयोग्य जमिनमा बढ्दो अम्लियपनलाई न्युनीकरण गरी माटोको गुणस्तरमा बृद्धि गर्नका लागि माटो परीक्षणको साथै कृषि सामग्री कम्पनी लिमिटेडमार्फत कृषि चुनको व्यवस्था गरिनेछ ।
- पर्वत जिल्लाको तरकारी, सुन्तला, लप्सी, कफी आदिको एकीकृत उत्पादन तथा विकासका लागि जिल्लास्थित सम्पूर्ण सरोकारवलाहरु बीच समन्वय गरी एकद्धार प्रणालीको माध्यमद्धारा लगानी गर्ने वातावरण मिलाइनेछ ।
- पर्यटन क्षेत्रको दिगो तथा निरन्तर विकासका लागि जिल्ला विकास समितिको अगुवाई तथा नीजि क्षेत्र समेतको समन्वयमा जिल्लामा एक **"बहुउद्देश्यिय पर्यटन स्रोत केन्द्र स्थापना"** गरी पर्यटन विकास गुरुयोजना, २०७० ले निर्दिष्ट गरे बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । पर्यटन क्षेत्रबाट जिल्लाको नियमित आम्दानीमा थप बृद्धि गर्नका लागि बञ्जिजम, ऱ्याफटिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका साहसिक खेलहरु सञ्चालन गर्नका लागि नीजि क्षेत्रलाई प्रोत्सहान गरिनेछ । साथै जिल्लाको संकलित आन्तरिक आयको ३५-५०% रकम सरोकारवला निकायहरुको समन्वयमा सम्बन्धित क्षेत्र विकासको लागि खर्च गरिनेछ ।

**ग. वन तथा बातावरण विकास तर्फ :**

- विकास योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङकन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकरात्मक असरलाई न्यूनीकरण गर्न पूर्वधार विकासका प्रत्येक योजनामा विनियोजित रकमको कम्तीमा पनि ५ प्रतिसत बजेट कटाई वातावरण संरक्षणको क्षेत्रमा लगानी गरिनेछ ।
- जलचरहरुको संरक्षण र सम्बर्द्धन गरी परिस्थितिकीय प्रणालीलाई संरक्षण गर्न नदी तथा तालमा करेण्ट तथा विष प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइनेछ । नीतिको विरुद्धमा कार्य गर्नेलाई कार्यको प्रकृति हेरी आवश्यक कारवाहीको लागि प्रक्रिया अघि बढाइनेछ ।
- गाविसस्तरका वन तथा वातावरण समितिहरुको सक्रियता बढाउन गैर सरकारी संस्थाहरुसँग समेत सहकार्य गरी आवस्यक कार्यक्रमहरुको तर्जुमा गरिनेछ ।

**घ. संस्थागत विकास तर्फ पारित नीतिगत निर्णयहरु :**

- जिविसको जनशक्तिको क्षमता विकासको लागि आवश्यक तालिम, अभिमुखीकरण र अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- जिविसको आन्तरिक व्यवस्थापकिय कार्य (दर्ता, चलानी, अभिलेख, सोधपुछ आदि) लाई सरल र सुव्यवस्थित बनाउने ।
- न्युनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरु प्राप्त गर्न क्षमता अभिबृद्धिको लागि आवस्यक कार्य गरिनेछ ।
- सदरमुकामबाट टाढा रहेका गाविसहरुमा वसोवास गर्ने बासिन्दाहरुको सबै प्रकारको सेवा प्रवाहमा थप पहुँच विस्तारको लागि घुम्ती शिविरको व्यवस्थामा जोड दिइनेछ ।
- आवधिक जिल्ला विकास योजना तयार गरी कार्यान्वयन गर्न आवस्यक पहल गरिनेछ ।
- जिल्लामा सञ्चालित आयोजना कार्यक्रमहरुको थप गुणस्तर बृद्धिको लागि एकीकृत अनुगमन प्रणालीको अवलम्वन गरी जिल्ला सुपरिवेक्षण तथा अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**ङ पूर्वाधार विकास तर्फ :**

- दिगो विद्युतीकरणको लागि जिर्ण अवस्थामा रहेका काठेपोलहरु हटाई फलामे पोलको व्यवस्था गरी जिल्लालाई काठेपोल मुक्त जिल्ला घोषणा गरिनेछ ।
- पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरुको लागत ईष्टिमेट पछि मात्र बजेट विनियोजन गर्ने पद्दतीको विकासमा जोड दिइनेछ ।
- योजना छनोट गर्दा सहभागिता जुट्ने, स्थानीय स्रोतको उपयोग हुने र श्रममूलक योजनाहरुलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
- ठूला मेसनरी सञ्चालन कार्यविधि २०७२ लाई स्विकृत गरी कार्यान्वयन गरिनेछ ।

- सिंचाइं र खानेपानीसँग सम्बन्धित योजनाहरु लामोसमयसम्म क्रमागत भइरहेकोले कम्तीमा पनि ३ वर्षभित्र सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गर्न अनुरोध गरिनेछ ।
- जिल्ला परिषदबाट स्विकृत भएका DTMP /ARAMP मा समावेश योजनाहरु मात्र कार्यान्वयन गर्नका लागि सडक विभागलाई अनुरोध गरिनेछ ।
- जिल्लाका वाच्छा, सरौंखोला, भोक्सिङ, भँगरा, भुकताडले, लगायतका गाविसहरुमा सञ्चालन हुँदै आएको लघु जलविद्युत आयोजनाहरुको प्रवर्द्धन, विकास एवम् विस्तार गरी राष्ट्रिय प्रसारण लाइनमाथिको परनिर्भरतामा कमी ल्याइनेछ ।
- जिल्लाका ग्रामीण क्षेत्रका DRCN र VRCN अन्तर्गत परेका ग्रामीण सडकहरुको सवारी चापको अवस्था, जनसहभागिता, स्थानीय उत्पादनको बजारसँगको सम्बन्ध आदिका आधारमा DTMP पुनरावलोकन गरी स्तर उन्नतीको लागि विशेष व्यवस्था गरिनेछ ।
- वस्ती-वस्तीबाट जनअनुमोदित भइ योजना तर्जुमा प्रक्रिया अनुसार जिल्ला विकास योजनामा समावेश भएका योजनाहरु तथा राष्ट्रिय गौरवका योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि विशेष जोड दिइनेछ ।
- गत बैशाख १२ र २९ गते गएको महाभूकम्पबाट जिल्लावासीको धनजनमा पुगेको क्षेतीको प्रकृतिका आधारमा गाविसबाट सिफारिस भइ आएका घरधुरीहरु जिल्ला दैवी प्रकोप उद्धार समितिको सक्रियतामा नीजी तथा गैर-सरकारी संघ संस्थाहरुसँग समेतको समन्वय गरी राहत सामाग्री वितरण गरिएको व्यहोरा अनुरोध गर्दै भूकम्पबाट पिडित परिवारको थप व्यवस्थापनको लागि समन्वय र सहकार्यमा जोड दिइनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु,**

सीमित श्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकैपटक सम्बोधन गर्न नसकिने यथार्थमा जिल्लालाई प्राप्त बजेट सिलिङ्ग, जिल्लाको आन्तरिक आय र गैर-सरकारी संस्थाहरुलाई प्राप्त हुने बजेट रकमसमेतलाई आकलन गरी उल्लिखित नीति तथा कार्यक्रमहरु प्राथमिकताका आधारमा कार्यान्वयन गर्नका लागि आ.व.२०७३/०७४ को लागि समग्र जिल्लाको वार्षिक बजेट रु २ अर्व ६४ करोड ६४ लाख ६८ हजार २०८ सार्वजनिक गरिएको छ। यो फिगर गतसालको भन्दा ३.८९% ले वृद्धि भएको हो ।

| क्रस | कर्यक्रमहरु (विषयगत) | चालु बजेट | पूजीगत बजेट | जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | पूर्वधार विकास समिति(जिविस बाहेक) | १७८७६२०५ | २०,९३,०९,६१० | २२७१८५८१५ | ८.५८ |
| २ | आर्थिक विकास समिति | ७३०६०००० | ६,७६,७४,७०० | १४०७३४७०० | ५.३२ |
| ३ | सामाजिक विकास समिति | १०५३०४०४२८ | १८,९६,६८,६०० | १२४२७०९०२८ | ४६.९५ |
| ४ | वन, वातावरण तथा घरेलु समिति | ३६९५७२०० | ९,३६,२६,००० | १३०५८३२०० | ४.९३ |
| ५ | जिल्ला विकास समिति | ३३३१९३५८० | २६,८७,६७,००० | ६०१९६०५८० | २२.७४ |
| ६ | गैर-सरकारी संस्थाहरु मात्र | २९४१८८८७ | २७,३८,७५,९९८ | ३०३२९४८८५ | ११.४८ |
| | **कुल जम्मा** | **१५४३५४६३००** | **११०२९२१९०८** | **२६४६४६८२०८** | **१००** |

अब म उपरोक्त विनियोजित बजेट मध्ये जिल्ला विकास कोषमार्फत खर्च गरिने वजेट विवरण पेश गर्ने अनुमती चाहान्छु । प्रस्तुत बजेट मध्ये जिविसको बजेट रु ६० करोड १९ लाख ६० हजार, विषयगत कार्यालयहरुको जम्मा रु.१ अर्व ७४ करोड १२ लाख १२ हजार गैर-सरकारी संस्था तर्फको रु ३० करोड ३२ लाख ९४ हजार विनियोजन गरिएको छ । अब आर्थिक वर्ष २०७३/०७४ मा जिल्ला विकास समिति मार्फत खर्च हुने (गाविस अनुदान समेत) चालु खर्चतर्फ रु. ३३ करोड ३१ लाख ९३ हजार र पूजीगत खर्चतर्फ रु.२६ करोड ८७ लाख ६७ हजार विनियोजन गरिएको छ । जुन कुल वजेटको क्रमश २२.७४ % प्रतिसत रहेको छ । अन्य विस्तृत कार्यक्रम तथा बजेट अनुसुचीमा उल्लेख गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**उपस्थित आदरणीय महानुभावहरु,**

प्रस्तुत वजेट तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु एवं मञ्चमा आसिन अतिथिज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुको महत्वपूर्ण सल्लाह र सुझावको खाँचो सदैव रहनेछ । साथै यस जिल्लाको बहुआयमिक विकास गरी शैक्षिक, पर्यटकीय, औद्योगिक, व्यापारिक, साँस्कृतिकरुपमा सवल, सक्षम, आत्मनिर्भर र समृद्ध बनाउनको लागि सामुहिक प्रयास हुनु जरुरी छ । यसको पूर्ण कार्यान्वयनको लागि राजनैतिक दल, नागरिक समाज, सेवाग्राही जनता लगायत सबै सम्बद्ध पक्षबाट पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

पर्वत जिल्लाको विकासको लागि माथि उल्लिखित सबै कार्यक्रमहरु कार्यन्वयन गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय एवं विषयगत मन्त्रालय तथा विभाग, दातृ निकायहरु पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना (RWSSP-WN), ग्रामीण पहुँच परियोजना (RAP-3) ग्रामीण पुनःस्थापना तथा पुनःनिर्माण कार्यक्रम, (RRRSDP) र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP),ग्रामीण पूर्वाधार विकास क्षेत्रगत कार्यक्रम (RTI SWAP) अन्तरीम बन परियोजना, लघुउद्यम विकास कार्यक्रम, हेफर नेपाल, सू-आहारा परियोजना लगायतका दातृनिकायका प्रतिनिधिहरुलाई सहयोगको लागि धन्यवाद दिँदै आगामी दिनहरुमा यो दस्तावेजलाई कार्यान्वयन गर्नका लागि सहयोगी हातहरु अगाडि बढाइरहनु हुनेछ भन्ने अपेक्षा राखेका छौं ।

अन्तमा,

आफ्नो व्यस्त समयका बावजुद् जिल्लाको भावी रुपरेखा निर्धारण गर्ने जिल्ला परिषदको **वार्षिक नीति,** कार्यक्रम तथा बजेट सार्वजनिक समारोह कार्यक्रममा पाल्नु भै यस समारोहको गरिमा बढाइदिनुभएकोमा प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यू, एवं अतिथिज्यूहरु लगायत सम्पुर्ण उपस्थित आदरणीय महानुभावहरुमा जिल्ला विकास समिति पर्वतको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद !

**युवराज पौडेल**
**जिविस बोर्ड अध्यक्ष एवंस्थानीय विकास अधिकारी**
२८ फाल्गुण २०७२